मितिः २०७३।१२।२०

श्री शिक्षा मन्त्रालय

सिंहदरबार ।

विषयः प्रतिवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्वत् २०७३ सालमा महाकाली अञ्चल अन्गर्ततका दार्चुला, बैतडी, डडेलधुर र कञ्चनपुर जिल्लामा सञ्चालित माध्यमिक शिक्षा परीक्षाको साथै जिल्लामा सञ्चालित कार्यक्रमहरुको अवस्था समेतको स्थलगत निरीक्षण गरी संलग्न प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछौं ।

निवेदकः

सहसचिव श्री सूर्यप्रसाद गौतम,

उपसचिव श्री केशव अधिकारी

उपसचिव श्री लक्ष्मीकुमार खड्का

# माध्यमिक शिक्षा परीक्षा २०७३ अनुगमन

**पृष्ठभूमिः**

माध्यमिक शिक्षा परीक्षालाई स्वच्छ एवम् मर्यादित रुपमा सञ्चालन गर्न शिक्षा मन्त्रालयबाट अनुगमन तथा निरीक्षणका लागि तोकिएको महाकाली अञ्चलका जिल्लामा सञ्चालित माध्यमिक शिक्षा परीक्षा र जिल्लामा सञ्चालनमा रहेका कार्यक्रमहरुको अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्न स्वीकृत भ्रमण आदेशानुसार दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्लाको भ्रमण गरी तपसिल बमोजिमको प्रतिवेदन पेश गरिएको छ ।

**कार्यक्षेत्रः**

अनुगमन, निरीक्षण तथा अवलोकन कार्यका लागि निम्न कार्यक्षेत्र तोकिएको थियो :

(क) महाकाली अञ्चल अन्तर्गतका जिल्लाहरूमा सञ्चालित २०७३ सालको मध्यमिक शिक्षा परीक्षाको अनुगमन तथा निरीक्षण

ख) परीक्षा सञ्चालनमा कुनै अवाञ्छित क्रियाकलाप भएको पाइएमा कानुन बमोजिम स्थलगत कारवाही

(ग) मध्यमिक शिक्षा परीक्षालाई मर्यादित बनाउन भएका प्रयासहरू र आगामी दिनमा थप सुधारका लागि गर्नुपर्ने क्षेत्र पहिचानसहित सुझाव ।

(घ) जिल्लामा सञ्चालन भएका कार्यक्रमहरुको अवस्था अध्ययन ।

**उद्देश्यहरूः**

अनुगमन, निरीक्षण तथा अवलोकन कार्यका लागि निम्नानुसारका उद्देश्य तय गरिएको थियोः

(क) महाकाली अञ्चल अन्तरगतका दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्लामा गई कार्यादेश अनुसारको मध्यमिक शिक्षा परीक्षा सञ्चालन भएको केन्द्रमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने,

(ख) परीक्षा सञ्चालनमा कुनै अवाञ्छित क्रियाकलाप भएको पाइएमा कानुन बमोजिम स्थलगत कारवाही गर्ने,

(ग) मध्यमिक शिक्षा परीक्षालाई मर्यादित बनाउन भएका प्रयासहरूको पहिचान गर्ने,

(घ) जिल्लामा सञ्चालन भएका कार्यक्रमहरुको अवस्था अध्ययन गर्ने,

(ङ) आगामी दिनमा थप सुधारका लागि गर्नुपर्ने क्षेत्र पहिचानसहित सुझाव पेश गर्ने ।

**विधिहरूः**

अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरू अपनाइएको थियोः

(क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन

(ख) परीक्षासँग सम्बन्धित पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया

(ग) जिल्लामा कार्यरत जिल्ला शिक्षा अधिकारी लगायतका कर्मचारीहरुसँगको अन्तरक्रिया

**सीमाः**

अनुगमन, निरीक्षण तथा अवलोकन कार्यलाई निम्न सीमामा सीमित गरिएको थियो :

(क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन कार्य दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्लाका मध्यमिक शिक्षा परीक्षा सञ्चालन भएका केही केन्द्रहरूमा केन्द्रित रहेको छ ।

(ख) अनुगमन तथा निरीक्षण कार्यमा उल्लिखित जिल्लाहरूका केन्द्रहरूको स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा विवरण सङ्कलन, केन्द्राध्यक्ष, निरीक्षकहरूसँग छलफल, अन्तरक्रियालाई प्रमुख विधिका रूपमा लिइएको छ ।

**अनुगमन, निरीक्षण तथा अवलोकन गरिएका जिल्ला तथा परीक्षा केन्द्रको विवरण देहाय अनुसार रहेको छ ।**

**जिल्लाः दार्चुला**

**मितिः २०७३।१२।८ गते**

**(१) श्री महेन्द्र नमूना मा.वि., खलंगा**

- कूल ७ वटा विद्यालयहरुका लागि केन्द्र तोकिएको,
- सबै विद्यालयका सबै परीक्षार्थी सबै कक्षा कोठामा पर्ने गरी Seat Planning गरिएको,
- परीक्षामा खटिने केन्द्राध्यक्ष, निरीक्षक लगायतका पदाधिकारीहरुलाई परिचय पत्रको व्यवस्था गरिएको,
- Home Center को व्यवस्था नरहेको,
- प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरुलाई मात्र निरीक्षकका रुपमा खटाइएको,
- प्रश्नपत्र सुरक्षाकर्मीहरुको रोहवरमा खोल्ने व्यवस्था गरिएको,
- एक्जामटेड तर्फ ७ र नियमित तर्फ १३६ र प्राविधिक धार तर्फ ७१ जना परीक्षार्थी सम्मिलित रहेका,
- परीक्षार्थीहरुले शौचालय जाँदा आउँदाको अभिलेख राख्ने व्यवस्था गरिएको,
- अनुगमन गरिएका परीक्षा केन्द्र वरिपरि अभिभावक लगायत अन्य मानिसको भिड नदेखिएको,
- परीक्षाकेन्द्र भित्र मोवाइल फोन निषेध गरिएको,
- परीक्षा भवन कम्पाण्ड सहित भएकोले पुर्ण सुरक्षा भएको,
- परीक्षालाई प्रभाव पार्ने अन्य गतिविधि नदेखिएको,
- समग्रमा परीक्षा शान्त, मर्यादित र व्यवस्थितरुपमा सञ्चालन गरिएको पाइएको ।
- सामेल विद्यालयः
  (१) जनविकास मा.वि. बारमाझ
  (२) मल्लिकार्जुन मा.वि. धाप
  (३) हिनानाथ मा.वि., बांझ
  (४) पशुपति शिक्षा मन्दिर
  (५) दार्चुला पब्लिक बोर्डिंग स्कूल
  (६) एशियन एकेडेमी
  (७) छन्ना टिंकरी कन्या मा.वि.

**(२) मालिकार्जुन मा.वि., धापः**

- कूल २ वटा विद्यालयहरुका लागि केन्द्र तोकिएको,
- सबै विद्यालयका सबै परीक्षार्थी सबै कक्षा कोठामा पर्ने गरी Seat Planning गरिएको,
- परीक्षामा खटिने केन्द्राध्यक्ष, निरीक्षक लगायतका पदाधिकारीहरुलाई परिचय पत्रको व्यवस्था गरिएको,

- Home Center को व्यवस्था नरहेको,
- प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरुलाई मात्र निरीक्षकका रुपमा खटाइएको,
- प्रश्नपत्र सुरक्षाकर्मीहरुको रोहवरमा खोल्ने व्यवस्था गरिएको,
- एक्जामटेड तर्फ ११, नियमित तर्फ २०९ र ग्रेड वृद्धि तर्फ ३१ जना परीक्षार्थी सम्मिलित रहेका,
- अनुगमन गरिएका परीक्षा केन्द्र वरिपरि अभिभावक लगायत अन्य मानिसको भिड नदेखिएको,
- परीक्षाकेन्द्र भित्र मोवाइल फोन निषेध गरिएको,
- छात्राहरुको सुविधाका लागि शौचालयमा प्याडको प्रवन्ध गरिएको,
- परीक्षालाई प्रभाव पार्ने अन्य गतिविधि नदेखिएको,
- समग्रमा परीक्षा शान्त, मर्यादित र व्यवस्थितरुपमा सञ्चालन गरिएको पाइएको ।
- सामेल विद्यालयः

  (१) महेन्द्र नमूना मा.वि., खलंगा

  (२) राष्टि«य मा.वि., दत्तु

**जिल्लाः डडेलधुरा**

**मितिः २०७३।१२।९ गते**

**(१) श्री बैजनाथ मा.वि., मौरडा**

- सबै विद्यालयका सबै परीक्षार्थी सबै कक्षा कोठामा पर्ने गरी Seat Planning गरिएको,
- परीक्षामा खटिने केन्द्राध्यक्ष, निरीक्षक लगायतका पदाधिकारीहरुलाई परिचय पत्रको व्यवस्था गरिएको,
- Home Center को व्यवस्था नरहेको,
- प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरुलाई मात्र निरीक्षकका रुपमा खटाइएको,
- प्रश्नपत्र सुरक्षाकर्मीहरुको रोहवरमा खोल्ने व्यवस्था गरिएको,
- एक्जामटेड तर्फ ९, ग्रेड वृद्धि १० र नियमित तर्फ २२७ जना परीक्षार्थी सम्मिलित रहेका,
- परीक्षार्थीहरुले शौचालय जान्दा आउंदाको अभिलेख राख्ने व्यवस्था गरिएको,
- अनुगमन गरिएका परीक्षा केन्द्र वरिपरि अभिभावक लगायत अन्य मानिसको भिड नदेखिएको,
- परीक्षाकेन्द्र भित्र मोवाइल फोन निषेध गरिएको,
- परीक्षालाई प्रभाव पार्ने अन्य गतिविधि नदेखिएको,
- समग्रमा परीक्षा शान्त, मर्यादित र व्यवस्थितरुपमा सञ्चालन भएको पाइएको ।

**(२) श्री उग्रतारा मा.वि., उग्रतारा**

- सबै विद्यालयका सबै परीक्षार्थी सबै कक्षा कोठामा पर्ने गरी Seat Planning गरिएको,
- परीक्षामा खटिने केन्द्राध्यक्ष, निरीक्षक लगायतका पदाधिकारीहरुलाई परिचय पत्रको व्यवस्था गरिएको,
- Home Center को व्यवस्था नरहेको,
- प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरुलाई मात्र निरीक्षकका रुपमा खटाइएको,

- प्रश्नपत्र सुरक्षाकर्मीहरुको रोहवरमा खोल्ने व्यवस्था गरिएको,
- एक्जामटेड तर्फ ९, ग्रेड वृद्धि २ र नियमित तर्फ २४३ जना परीक्षार्थी सम्मिलित रहेका,
- परीक्षार्थीहरुले शौचालय जांदा आउंदाको अभिलेख राख्ने व्यवस्था गरिएको,
- अनुगमन गरिएका परीक्षा केन्द्र वरिपरि अभिभावक लगायत अन्य मानिसको भिड नदेखिएको,
- परीक्षाकेन्द्र भित्र मोवाइल फोन निषेध गरिएको,
- परीक्षालाई प्रभाव पार्ने अन्य गतिविधि नभएको,
- समग्रमा परीक्षा शान्त, मर्यादित र व्यवस्थितरुपमा सञ्चालन गरिएको पाइएको ।

**(३) श्री महेन्द्र मा.वि., खलंगाः**

- सबै विद्यालयका सबै परीक्षार्थी सबै कक्षा कोठामा पर्ने गरी Seat Planning गरिएको,
- परीक्षामा खटिने केन्द्राध्यक्ष, निरीक्षक लगायतका पदाधिकारीहरुलाई परिचय पत्रको व्यवस्था गरिएको,
- Home Center को व्यवस्था नरहेको,
- प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरुलाई मात्र निरीक्षकका रुपमा खटाइएको,
- प्रश्नपत्र सुरक्षाकर्मीहरुको रोहवरमा खोल्ने व्यवस्था गरिएको,
- एक्जामटेड तर्फ ७, ग्रेड वृद्धि १ र नियमित तर्फ २९७ जना परीक्षार्थी सम्मिलित रहेका,
- परीक्षार्थीहरुले शौचालय जांदा आउंदाको अभिलेख राख्ने व्यवस्था गरिएको,
- अनुगमन गरिएका परीक्षा केन्द्र वरिपरि अभिभावक लगायत अन्य मानिसको भिड नदेखिएको
- परीक्षाकेन्द्र भित्र मोवाइल फोन निषेध गरिएको,
- परीक्षालाई प्रभाव पार्ने अन्य गतिविधि नदेखिएको,
- समग्रमा परीक्षा शान्त, मर्यादित र व्यवस्थितरुपमा सञ्चालन भएको पाइयो ।

नोटः जिल्लाको समग्र परीक्षा केन्द्र सम्बन्धी विवरण यसैसाथ संलग्न गरिएको छ ।

**जिल्लागत अवस्थाः**

**(१) दार्चुलाः**

दार्चुला जिल्लामा १८ वटा स्रोतकेन्द्र रहेको, कुल ३६७ विद्यालयमध्ये १९ वटा संस्थागत विद्यालयहरु रहेको, यस आर्थिक वर्षमा कुल ५ वटा विद्यालयहरु गाभिएका, माध्यमिक शिक्षा परीक्षाका लागि १६ वटा परीक्षाकेन्द्र निर्धारण भई कुल ३७०० विद्यार्थीहरु परीक्षामा सामेल रहेका, बेरुजु फर्छ्यौट तर्फ करिव ४० प्रतिशत फर्छ्यौट गर्न सक्ने जनाइएको र कार्यालयले भर्खरै क्लोज सर्किट क्यामेरा समेत जडान गरेकोले सेवाग्राहीको कार्य फर्छ्यौट गर्ने प्रक्रियामा प्रत्यक्ष र अनुगमन हुन सक्ने देखियो । यस जिल्लामा दोश्रो चौमासिकको कार्य प्रगति सन्तोषजनक भएको तर शिक्षा विभागबाट पठाइएको प्रगति सम्बन्धी सफ्टवेयर प्रयोगमा सहजता नभएको गुनासो रहेको पाइयो । यस जिल्लामा माध्यमिक शिक्षा परीक्षा मर्यादित रुपमा सञ्चालनमा रहेको पाइयो ।

**(२) बैतडीः**

जिल्ला शिक्षा कार्यालय, बैतडीमा रहेको पिफडर छात्रावास २० जनाका लागि रहेकोमा रकम अभाव देखिएको, माध्यमिक शिक्षा परीक्षामा ५६५ जना सहभागि रहेको, वित्तीय प्रगति २३.९ प्रतिशत रहेको, दरबन्दी मिलान सम्बन्धी कार्य हुन नसकेको, स्वीकृत नि.मा.वि. दरबन्दी १८५ भएकोमा २०५२ सालदेखि २२२ जना अर्थात ३७

जना बढी शिक्षकहरु कार्यरत रहेको, आधारभूत तहको लागि तलव भत्ता अपुग देखिएको र कम्प्युटर अपरेटरको अभावमा कार्य गर्न बाधा देखिएको । यस जिल्लामा माध्यमिक शिक्षा परीक्षा मर्यादित रुपमा सञ्चालनमा रहेको पाइयो ।

**(३) डडेलधुराः**

दार्चुला जिल्लामा माध्यमिक शिक्षा परीक्षाका लागि कूल १२ वटा परीक्षाकेन्द्र निर्धारण भई नियमित तर्फ २६५२ जना, एक्ज्याम्टेट ८३ जना र ग्रेड सुधारमा ४५५ गरी कुल ३१९० जना (९१ जना प्राविधिक धार सहित) विद्यार्थीहरु परीक्षामा सामेल रहेका, यस जिल्लामा कूल स्रोतकेन्द्र ८ वटा रहेको, यस जिल्लामा कूल ३९००० विद्यार्थी अध्ययनरत रहेको, कार्यालयले भर्खरै क्लोज सर्किट क्यामेरा समेत जडान गरेकोले सेवाग्राहीको कार्य फर्छ्यौट गर्ने प्रक्रियामा प्रत्यक्ष र अनुगमन हुन सक्ने देखिएको, दरबन्दी मिलान सम्बन्धी कार्यको उचित व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यस जिल्लामा दोश्रो चौमासिकको कार्य प्रगति सन्तोषजनक भएको तर शिक्षा विभागबाट पठाइएको प्रगति सम्बन्धी सफ्टवेयर प्रयोगमा सहजता नभएको गुनासो रहेको पाइयो । यस जिल्लामा माध्यमिक शिक्षा परीक्षा मर्यादित रुपमा सञ्चालनमा रहेको पाइयो ।

**(४) कञ्चनपुरः**

कञ्चनपुर जिल्लामा लामा माध्यमिक शिक्षा परीक्षाका लागि कूल ३३ वटा परीक्षाकेन्द्र निर्धारण भई नियमित तर्फ ९२७३ जना, एक्ज्याम्टेट १७९ जना र ग्रेड सुधारमा ४७८ जना परीक्षार्थी परीक्षामा सामेल रहेका, यस जिल्लामा कूल स्रोतकेन्द्र ७ वटा रहेको, यस जिल्लामा कूल ९७६५५ विद्यार्थी अध्ययनरत रहेको, कूल विद्यालय सामुदायिक तर्फ २६१ र संस्थागत तर्फ २४८ वटा विद्यालयहरु सञ्चालनमा रहेका, यस जिल्लाको दोश्रो चौमासिकको प्रगति करिब ८० प्रतिशत रहेको र बेरुजु फर्छ्यौट करिब ६७ प्रतिशत रहेको देखिन्छ । यस जिल्लामा माध्यमिक शिक्षा परीक्षा मर्यादित रुपमा सञ्चालनमा रहेको पाइयो ।

महाकाली जिल्ला अन्तर्गतका जिल्लाको अवस्था सम्बन्धी विवरण यसैसाथ संलग्न गरिएको छ ।

**अनुगमन, निरीक्षण तथा अवलोकनको प्राप्ति**

- अनुगमन गरिएका जिल्लाका परीक्षा केन्द्रहरू वरिपरि अभिभावकहरू तथा अनधिकृत व्यक्तिहरूको भिड लागेको पाइएन ।
- परीक्षा केन्द्रमा निरीक्षक राख्दा प्राथमिक र निम्न माध्यमिक तहका शिक्षकहरूलाई राख्ने गरेको पाइयो ।
- परीक्षामा मोवाइल फोन प्रयोग गर्न रोकिएको पाइयो ।
- सुरक्षाकर्मीले परीक्षा केन्द्रको बाहिरी वातावरण शान्त पार्न उल्लेखनीय भूमिका निर्वाह गरेको पाइयो ।
- बाहिरबाट अनुगमन गर्न आउने व्यक्तिलाई सुरक्षाकर्मीले बिना परिचय पत्र भित्र पस्न नदिएको अवस्था पाइयो ।
- परीक्षामा चिट, गेसपेपर, गाइड लैजान नदिन परीक्षा केन्द्रको गेटमा नै खानतलासी गरेर पठाउने गरेको पाइयो । छात्रलाई पुरुष शिक्षकले र छात्रालाई महिला शिक्षकले खानतलासी लिएको जानकारी पाइयो । यस कार्यमा सुरक्षाकर्मीको समेत सहयोग रहेको पाइयो ।
- परीक्षा सञ्चालनका लागि उपलब्ध गराइने इन्धन ज्यादै न्यून रहेको, स्तरीय परीक्षा सञ्चालनका लागि निरीक्षक, अनुगमनकर्ता, सुरक्षाकर्मी, घुम्ती अनुगमन खटाउँदा इन्धन खर्च हुने भएकाले अति आवश्यक क्षेत्रमा रकम नबढाइ नहुने गुनासो प्राप्त भयो ।
- परीक्षा सञ्चालनलाई स्थानीय प्रशासन, प्रहरी प्रशासन, जिल्ला शिक्षा कार्यालयले उच्च महत्व र सतर्कतापूर्वक सञ्चालन गरेको पाइयो ।

**सुझाव :**

- नियमित तर्फ र एक्जाम्टेडलाई एकै परीक्षा केन्द्रमा राख्न नहुने र हरेक जिल्लामा एक्जाम्टेडका लागि सदरमुकाममा छुट्टै परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गरिनु पर्ने ।
- मध्यमिक शिक्षा परीक्षालाई स्वच्छ तथा मर्यादित बनाउन चिट चोर्नु अपराध हो, आफ्नै मिहेनतले परीक्षा उत्तीर्ण गर्नौ जस्ता सन्देशसहित विद्यार्थीहरूमा सचेतना ल्याउने कार्यक्रम सञ्चालन गरिनु पर्ने ।
- उत्तर पुस्तिका फुल्ने (लेख्दा) समस्या रहेको भनि गुनासो प्राप्त भएको हुदा गुणस्तरमा ध्यान दिनु पर्ने ।
- परीक्षा हुने मिति र विषय स्पस्ट रुपमा रुजु गरी लिने र सुरक्षा निकायवाट दिने ब्यवस्थाका थप निर्देशन दिनु पर्ने ।
- परीक्षामा अनियमितता गर्ने परीक्षार्थीलाई चुपचाप निष्काशन (Silent Restriction), केन्द्राध्यक्ष तथा निरीक्षकलाई तत्काल विभागीय कारवाही, तथा अन्य व्यक्तिलाई सार्वजनिक अपराध अन्तर्गत कारवाही गरिनु पर्ने ।
- तोकिएको आधार नपुगी बाहिरबाट केन्द्राध्यक्ष, निरीक्षक सहितको टोलीलाई पठाउन्दा भ्रमण खर्च नियमावली अनुसार दैनिक तथा भ्रमणभत्ता उपलब्ध गराउनु पर्ने ।
- परीक्षा सञ्चालनसम्बन्धी खर्चमा पुनरावलोकन गरिनु पर्ने, इन्धन लगायत परीक्षा व्यवस्थापन खर्च, ढुवानी खर्च, अनुगमन तथा सुपरिवेक्षणका लागि दिइने खर्चमा वृद्धि गरिनु पर्ने ।
- परीक्षा अनुगमनमा सवारी साधनको प्रभावकारी उपयोग भएकाले सवारी साधनको इन्धनका लागि थप बजेट व्यवस्था गरिनु पर्ने ।
- प्रतिबन्ध लगाइएको भए पनि अझै अनधिकृत रूपमा प्रकाशन तथा विक्री वितरण गरिदै आएको गेस पेपर, गाइड प्रकाशन तथा वितरणलाई पूर्णतयाः निषेध गरिनुपर्ने, विद्यार्थी सहयोगी सामग्री प्रकाशन गर्न पाठ्यक्रम विकास केन्द्रको पूर्व स्वीकृति लिनुपर्ने बाध्यात्मक व्यवस्था गरिनुपर्ने, यस्ता सामग्रीको प्रकाशनको स्तरीयता कायम गर्न पुस्तक नीति तयार गरी मापदण्ड तोकिनु पर्ने ।
- अनियमितता गर्नमा उद्धत शिक्षक, सुरक्षाकर्मीलाई विभागीय कारवाही गर्नु पर्ने ।
- प्रश्न पत्र हुबहु सार्न नमिल्ने, सिर्जनात्मक तथा मौलिक उत्तर दिनु पर्ने, चोरी गर्न नमिल्ने किसिमका हुनु पर्ने, यसका लागि विशिष्टीकरण तालिकामा परिवर्तन गरिनु पर्ने ।
- परीक्षा केन्द्र तोक्नु अगाडी तोकिएको मापदण्ड रहे नरहेको तथा परीक्षा केन्द्र संचालन गर्न उपयुक्त भए नभएको एकिन गरि परीक्षा केन्द्र तोक्नु पर्ने ।
- परीक्षा संचालनको लागि उपयुक्त तथा राम्रा विद्यालय हुंदाहुदै नाम मात्रका अध्यांरा कोठा भएका तथा भवन तथा अन्य व्यवस्था समेत अनुपयुक्त भएका केन्द्रहरु निर्धारण भएको देखियो ।
- विद्यालयको कम्पाउण्ड नभएको विद्यालयहरुमा समेत परीक्षा केन्द्र तोकिनु उपयुक्त हुने देखिएन । यस्ता विद्यालयमा परीक्षा संचालन गर्नु आवश्यक भए कम्तिमा कम्पाउण्ड वालको न्यूनतम व्यवस्था हुन आवश्यक देखिन्छ ।
- भवन, फर्निचर तथा अन्य भौतिक सुविधा भएका विद्यालयमा क, ख र ग केन्द्र सम्म निर्धारण गरी परीक्षा संचालन गर्नु आवश्यक देखिन्छ । यसले संचालन खर्च मात्र कम हुने नभई विद्यार्थीहरुको लागि समेत सहज हुने देखिन्छ ।
- पाल्पामा नियमित तर्फ २३ जना विद्यार्थी अनुपस्थित पाइएको हुदा नियमित तर्फका विद्यार्थी अनुपस्थित हुनाका कारण खोजी गरिनु पर्ने देखिन्छ ।

- जिल्ला शिक्षा कार्यालयले भौतिक विस्तारका लागि परीक्षा संचालन हुने विद्यालयलाई थप व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिन्छ ।
- शिक्षा विभागबाट तयार गरी जिल्लाहरुमा उपलब्ध गराइएको कार्यक्रम तथा बजेट र प्रगति विवरण सम्बन्धी सफ्टवेयर सञ्चालनमा प्राविधिक रुपमा सहज नभएकोले सोको तत्काल सम्बोधन गर्नुपर्ने देखिन्छ ।

## ४.२ निष्कर्ष

परीक्षा विद्यार्थीको क्षमता मापन गर्ने एक साधन भएको हुँदा यसलाई परम्परागत रूपमा सञ्चालन प्रणालीमा परिवर्तन गर्दै विद्यार्थीका सिकाइ उपलब्धिलाई मौलिक तथा सिर्जनात्मक ढङ्गबाट परीक्षण गर्ने पद्धतिमा लाग्नु पर्छ । शिक्षक, विद्यार्थी, अभिभावकलगायत सम्बद्ध सबैले शैक्षिक सत्रको सुरुवात देखिनै सिक्ने सिकाउने प्रक्रियामा सुधार ल्याउन प्रयत्न गर्नुपर्छ । परीक्षालाई डर र त्रासको साधन बनाइनु हुदैन । परीक्षाको समग्र सुधारका लागि माथि उल्लिखित सुझावहरूलाई सम्बन्धित निकायले जिम्मेवारी र गम्भीरतापूर्वक लिई कार्यान्वयन गरेमा मध्यमिक शिक्षा परीक्षा सञ्चालनमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

यसै गरी बैतडी जिल्लामा स्वीकृत नि.मा.वि. दरबन्दी १८५ भएकोमा २०५२ सालदेखि २२२ जना अर्थात ३७ जना बढी शिक्षकहरु कार्यरत रहेको देखिएकोले सो सम्बन्धमा यथाशीघ्र छानविन टोली गठन गरी आवश्यक कारवाही प्रक्रिया अघि बढाउनु पर्ने देखिन्छ ।

प्रस्तुतकर्ताः

सहसचिव सूर्यप्रसाद गौतम, शिक्षा मन्त्रालय

उपसचिव केशव अधिकारी, शिक्षा मन्त्रालय

उपसचिव लक्ष्मीकुमार खड्का, शिक्षा मन्त्रालय